puthauttargangamun.gov.np
puthauttargangamun@gmail.com
9857880303, 9857880404

स्थानीय सरकार
# पुथा उत्तरगङ्गा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

तकसेरा, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : २०८०।०८१
सूचना नं. : १८

मिति :२०८०।१०।१५ गते
(ने. सं ११४४ पोहेलागा, १५ सोमबार)

**विषयः गाउँपालिका स्तरीय आधारभूत तह (कक्षा ८) को अन्तिम परीक्षाको रजिष्ट्रेशन र आवेदन फाराम भराउने सम्बन्धी सूचना !**

**श्री पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका,**
**आधारभूत तह कक्षा ८ सञ्चालित सामुदायिक विद्यालयहरु सबै ।**

प्रस्तुत विषयमा यस शैक्षिक सत्र २०८० को आधारभूत तह (कक्षा ८) को अन्तिम परीक्षाको रजिष्ट्रेशन तथा आवेदन फाराम कक्षा – ८ सञ्चालित सबै सामुदायिक विद्यालयहरुले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गरी विद्यालयको नाम र विद्यार्थीको व्यक्तिगत विवरण (विद्यार्थीको नाम, थर, जन्म मिति, बाबु आमाको नामथर र अन्य विवरण समेत) जन्म दर्ताको आधारमा पछिसम्म फरक नपर्ने गरी रुजु गरी शुद्धाशुद्धी हेरी पुनः IEMIS मा अपलोड गरी आवेदन फाराम सँगै विद्यार्थीको जन्म – दर्ताको प्रमाणित प्रतिलिपि र IEMIS को समिष्टिगत विवरणको प्रमाणित प्रतिलिपि संलग्न गरी २/२ प्रति पुथा उत्तरगङ्गा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा यहीँ मिति २०८०साल माघ मसान्त सम्म अनिवार्य रुपमा बुझाउनुहुन र अन्य विषयमा तपसिल अनुसार गर्नुहुन सूचित गरिन्छ ।

सागर गिरी
**नि. प्रमुख प्रशासकीय अधिकृत**

**तपसिलः**

१. विद्यार्थीको नाम, जन्म मिति, बाबु – आमाको नामथर र अन्य विवरण जन्म दर्ताको आधारमा पठाउनुपर्नेछ। साथैं जन्म दर्ताको सक्कल प्रमाण - पत्र हेरी प्रधानाध्यापकले प्रतिलिपि (फोटोकपी) रुजु गरी प्रमाणित समेत गरेर जन्म दर्ताको १ प्रति प्रतिलिपि, कक्षा ८ को रजिष्ट्रशन फाराम र कक्षा ७ उत्तीर्ण गरेको ग्रेड सिट र सर्टिफिकेटको प्रतिलिपि संलग्न गरी पठाउनुपर्नेछ।
२. परीक्षा आवेदन फाराम र समष्टिगत फाराम पुथा उत्तरगङ्गा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गरी लिनुपर्नेछ।
३. कक्षा ८ मा अध्ययनरत प्रत्येक विद्यार्थीसँग फाराम भराउदा हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो फाराममा टास गरी प्रधानाध्यापकले प्रमाणित गर्नुपर्नेछ।
४. सोहि फाराम शिक्षा शाखामा पेस गर्नुपूर्व विद्यालयले राख्नुपर्ने प्रयोगात्मक अङ्क विद्यार्थीहरु लाई अनिवार्य रुपमा प्रयोगात्मक परीक्षा सञ्चालन गरी सोहि प्राप्ताङ्को आधारमा IEMIS को टेम्प्लेट डाउनलोड गरी विद्यार्थीले प्राप्त गरेको अङ्क राखी सोहो टेम्प्लेट अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ।
५. आधारभूत तह कक्षा ८ को परीक्षा (पुथा उत्तरगङ्गा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले तयार गरी गाउँसभाबाट स्वीकृत आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८० अनुसार सञ्चालन गरीनेछ। साथैं परीक्षा समय तालिका अर्को सूचना मार्फत पछि जानकारी गराइनेछ।

**बोधार्थः**
**श्री सूचना तथा प्रविधि शाखाः सूचना वेवसाईटमा अपलोड गर्नुहुन ।**